# सामूहिक निवेदनमा हस्ताक्षर गर्ने वा शुरू गर्ने

सामूहिक निवेदन (Petition) भनेको अष्ट्रेलियन क्यापिटल टेरिटोरी (ACT) मा बस्ने मानिसहरूले हस्ताक्षर गरेर विधान सभालाई कुनै निश्चित काम गर्न अनुरोध गर्ने औपचारिक निवेदन हो।

तपाईंको भिसाको अवस्था वा नागरिकता जे भए पनि, यदि तपाईं ACT मा बस्नुहुन्छ भने विधान सभामा दिइने सामूहिक निवेदनमा हस्ताक्षर गर्न वा नयाँ निवेदन सुरु गर्न सक्नुहुन्छ। सामूहिक निवेदनमा सरकारका नीति वा निर्णयसँग असहमति जनाइएको भए पनि सामूहिक निवेदन शुरु गर्दा वा त्यसमा हस्ताक्षर गर्दा तपाईं समस्यामा पर्नुहुन्न।

## सामूहिक निवेदनमा हस्ताक्षर गर्ने

विधान सभाको वेबसाइटमा हाल हस्ताक्षरका लागि खुला रहेका सबै अनलाइन सामूहिक निवेदन (e-petitions) को सूची हुन्छ। हस्ताक्षरका लागि खुला सबै e-petitions को सूची हेर्न epetitions.parliament.act.gov.au/search/current मा जानुहोस्।

कुनै पनि निवेदनको शीर्षकमा क्लिक गरेर त्यो किन शुरु गरिएको हो र के गर्न अनुरोध गरिएको छ भन्ने पढ्नुहोस्।

e-petition मा हस्ताक्षर गर्न:

- सामूहिक निवेदनको वेबपेजको तल रहेको बटनमा क्लिक गर्नुहोस्।
- तपाईं ACT मा बस्नुहुन्छ, यस सामूहिक निवेदनमा पहिले हस्ताक्षर गर्नुभएको छैन र आफ्नो सही व्यक्तिगत विवरण दिनुहुन्छ भनेर पुष्टि गर्नुहोस्।
- आफ्नो व्यक्तिगत विवरण भर्नुहोस्। यसमा सम्बोधन (Mr वा Mrs), नाम र थर, घरको ठेगाना, इमेल र फोन नम्बर समावेश गर्नुहोस्।

> ℹ ठेगाना (Address) बाकसमा आफ्नो सडकको ठेगाना टाइप गर्नुहोस्। सूचीमा तपाईंको सही ठेगाना देखिएपछि त्यसमा क्लिक गर्नुहोस्। तपाईंको उपनगर, राज्य र पोस्टकोड आफैँ भरिनेछन्।

- आफ्नो विवरण सही छ भनेर पुष्टि गर्न पहिलो बाकसमा टिक लगाउनुहोस्। त्यसपछि e-petition मा हस्ताक्षर गर्ने बटनमा क्लिक गर्नुहोस्। सरकारले निवेदनको जवाफ दिएपछि इमेल पाउन चाहनुहुन्छ भने, त्यसका लागि दिइएको वैकल्पिक बाकसमा पनि टिक लगाउन सक्नुहुन्छ।

## नयाँ सामूहिक निवेदन शुरु गर्ने

तपाईं कुनै स्थानीय विषयमा विधान सभाले काम गरोस् भन्ने चाहनुहुन्छ भने e-petition सुरु गर्न सक्नुहुन्छ। उदाहरणका लागि: सार्वजनिक यातायात, सडक, विद्यालय, आवास वा स्वास्थ्य सेवा।

## 1. समर्थन गर्ने सदस्य खोज्नुहोस्

प्रत्येक सामूहिक निवेदनलाई विधान सभाका एक सदस्य (MLA) को समर्थन आवश्यक हुन्छ। e-petition फाराम भर्न शुरु गर्नुअघि कुनै MLA लाई सम्पर्क गरेर तपाईंको सामूहिक निवेदनलाई समर्थन गर्न अनुरोध गर्न सक्नुहुन्छ। तपाईं कुनै पनि MLA लाई सम्पर्क गर्न सक्नुहुन्छ। उनीहरूको सम्पर्क विवरण parliament.act.gov.au/members/current मा दिइएको छ।

## 2. e-petition फाराम भर्नुहोस्

नयाँ e-petition सुरु गर्न epetitions.parliament.act.gov.au/lodge मा जानुहोस्।

- आफ्नो नाम र सम्पर्क विवरण भर्नुहोस्। तपाईंको सम्पर्क विवरण कहिल्यै सार्वजनिक गरिने छैन। तपाईंले देखाउने विकल्प रोज्नुभयो भने मात्र तपाईंको नाम वेबसाइटमा देखिनेछ।
- विषयको छोटो शीर्षक लेख्नुहोस्, समस्या के हो भनेर बताउनुहोस् र विधान सभाले के गरोस् भन्ने चाहनुहुन्छ स्पष्ट रूपमा लेख्नुहोस्। निवेदन अंग्रेजीमा र सम्मानजनक भाषा प्रयोग गरेर लेख्नुपर्छ।
- ड्रप-डाउन मेनुबाट तपाईंको निवेदनलाई समर्थन गर्ने MLA छान्नुहोस्। निवेदन बन्द हुने मिति छान्नुहोस् (अबको 7 दिनदेखि 6 महिनाभित्र) र तपाईं ACT मा बस्नुहुन्छ भनेर पुष्टि गर्नुहोस्।
- फाराम बुझाउनुहोस्।

> i
>
> तपाईंको e-petition तुरुन्तै प्रकाशित हुँदैन। पहिले विधान सभाका एक प्राविधिक कर्मचारीले तपाईंको निवेदनले सभाका नियमहरू पालना गरेको छ कि छैन भनेर जाँच गर्नेछन्। आवश्यक परे उनीहरूले निवेदनमा प्रयोग गरिएको भाषा सुधार्न मद्दत गर्न सक्छन्। स्वीकृत भएपछि तपाईंको e-petition अनलाइन प्रकाशित हुनेछ।

## 3. हस्ताक्षर सङ्कलन गर्नुहोस्

अनलाइन प्रकाशित भएपछि, तपाईंले तोकेको अन्तिम मितिसम्म हस्ताक्षर सङ्कलन गर्न वेबसाइटको लिङ्क इमेल, सामाजिक सञ्जाल वा कागजी पर्चामार्फत बाँड्न सक्नुहुन्छ।

### कागजी निवेदनको बारेमा के हुन्छ?

मानिसहरूले प्रत्यक्ष रूपमा हस्ताक्षर गर्न मिल्ने कागजी निवेदन पनि सुरु गर्न सक्नुहुन्छ। तर, यसको सट्टा e-petition प्रयोग गर्न हामी विशेष रूपमा सुझाव दिन्छौं। अनलाइन प्रणालीले आवश्यक नियमहरू पूरा भएका छन् कि छैनन् भनेर आफैँ छानबिन गर्छ। यसले विवरण छुटेको वा ढाँचा नमिलेको कारण तपाईंको निवेदन अस्वीकार हुने सम्भावना कम गर्छ।

# निवेदन बन्द भएपछि के हुन्छ?

पूरा भरेका e-petitions विधान सभाको बैठकमा प्रस्तुत गरिन्छन्। निवेदनको विषय र जम्मा हस्ताक्षरको संख्या विधान सभामा पढेर सुनाइन्छ।

तपाईंको निवेदनको विषय हेर्ने ACT सरकारका सम्बन्धित मन्त्रीले तीन महिनाभित्र औपचारिक लिखित जवाफ दिनुपर्छ। उक्त जवाफ e-petition वेबसाइटमा प्रकाशित गरिन्छ।

तपाईंको निवेदनमा 500 वा सोभन्दा बढी हस्ताक्षर भएमा थप समीक्षा गर्न विधान सभाको समितिमा पठाइन्छ। समितिले निवेदनमा गरिएको अनुरोधबारे छानबिन गर्ने निर्णय गर्न सक्छ।

## मैले दिएको जानकारी के हुन्छ?

e-petition वा कागजी निवेदनमा हस्ताक्षर गर्ने व्यक्तिहरूको नाम, घरको ठेगाना र इमेल कहिल्यै सार्वजनिक गरिँदैन। निवेदन प्रस्तुत गर्नुअघि हस्ताक्षर छानबिन गर्न स्वतन्त्र संसदीय कर्मचारीहरूले मात्र यी विवरण हेर्न पाउँछन्। यी कर्मचारी कुनै पनि राजनीतिक दलसँग सम्बन्धित हुँदैनन्।

विधान सभामा निवेदन प्रस्तुत गर्दा निवेदनमा गरिएको अनुरोध र जम्मा हस्ताक्षरको संख्या मात्र पढेर सुनाइन्छ। हस्ताक्षर गर्ने प्रत्येक व्यक्तिको पूरा विवरण आधिकारिक अभिलेखमा सुरक्षित राखिए पनि ती विवरण कहिल्यै प्रकाशित गरिँदैनन् र कसैले पनि ती विवरण हेर्न माग गर्न सक्दैन।

अनलाइन e-petition शुरू गर्दा, निवेदन शुरू गर्ने व्यक्तिको रूपमा आफ्नो नाम गोप्य राख्न सक्नुहुन्छ।